जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २८० २०८१ साल जेठ ३२ गते शुक्रबार (14 June 2024 Friday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : अझै घट्न सकेन उच्च मातृ... ३ पृष्ठमा : 'तातो हावाको लहर (लू) ... ३ पृष्ठमा :कुवेतको आगलागीमा...

# भुक्तानीको माग गर्दै निर्माण व्यवसायीद्वारा पशु सेवा विज्ञ केन्द्रमा तालाबन्दी




**दैनिक समाचारदाता**
**राजविराज, ३१ जेठ ।**

काम गरेको लामो समयसम्म पनि भुक्तानी नपाएको भन्दै निर्माण व्यवसायीहरुले बिहीबार राजविराजस्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा ताला लगाएका छन् ।

निर्माण व्यवसायी संघ सप्तरीका अध्यक्ष सतिष चन्द्र झाको अगुवाईमा निर्माण व्यवसायीहरुको टोलीले सो ताला लगाएका हुन् ।

उक्त कार्यालयको नयाँ भवन निर्माणको ठेक्का पाएका राधा कृष्ण निर्माण सेवाले रनिङ्ग बिल लामो समयसम्म नपाएको तथा कार्यालय प्रमुखले विभिन्न बहानामा आलटाल गर्ने गरेकोले तालाबन्दी गर्नु परेको निर्माण व्यवसायी संघ सप्तरीका अध्यक्ष सतिषचन्द्र झाको भनाई छ ।

स्थानीयले ठेकेदार कम्पनीद्वारा हाल सम्म भए/गरेको निर्माण कार्यको प्राविधिकबाट चेक जाँच मुल्याङ्कन गराई ठेकेदार कम्पनीले पाउनु पर्ने उचित रकम भुक्तानी गर्न उनले माग गरे ।

उनले यसबारे तीन दिन अघि नै सम्बन्धित निकायलाई जानकारी गराइसकेको तथा कतैबाट चासो नदेखाएकाले अनिश्चितकालिन तालाबन्दी गरिएको बताएका छन् ।

राधा कृष्ण निर्माण सेवाका प्रतिनिधी विनोद साफीले काम गरेको बिलको भुक्तानी समयमा नपाउँदा भवनको बाँकी काम रोकिनुका साथै आफूहरु समस्यामा परेको बताए ।

बि.स. २०७९ माघ २२ गते पिपिएमओले कार्यालय भवन निर्माणका लागी इबिडिमार्फत आफुलाई ४ करोड १६ लाख ६० हजार ५ सय १० रुपैयामा ठेक्का दिएको बताए । ठेक्का सम्झौता अनुसार २०८१ असार १५ गतेसम्म निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । तर, हालसम्म गरेको काम अनुसारको बिलको भुक्तानी नपाउँदा समस्यामा परेको उनको भनाइ छ । उनले हाल सम्म काम सम्पन्न गरेको ६६ लाख २६ हजार ५ सय रुपैयाको भुक्तानीका लागी गत असोज ३० गते नै सबै कागजात पेश गरिसके पनि विभिन्न बहानामा कार्यालय प्रमुख र लेखापालले आलटाल गर्दै आएको गुनासो पोखे ।

यस विषयमा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र राजविराजका प्रमुख डा.राम पवित्र दासले भवन निर्माण प्रक्रियाको विषयलाई लिएर जिल्ला कै अर्का प्रतिष्पर्धी निर्माण कम्पनी श्री राम निर्माण सेवाले अख्तियारमा उजुरी दिएको बताए ।

अख्तियारमा उजुरी परिसकेपछि भुक्तानी दिए आफु पनि फसिने डरले लेखापालले चेक बनाउन नमानेकाले भुक्तानीमा समस्या भएको उनको कथन छ । यद्यपी समस्या समाधानका लागी आफुले पहल गरिरहेको उनले जानकारी दिए ।

यता निर्माण व्यवसायीहरुले कार्यालयमा तालाबन्दी गरेपछि कार्यालयबाट प्रदान हुने सबै सेवा ठप्प भएको छ ।

# अग्निपीडित वडा सदस्यलाई वडा कार्यालयद्वारा राहत प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ३१ जेठ ।**

अग्निपीडित राजविराज वडा नं. ६ की वडा सदस्य लिलादेवी सरवरियालाई बिहीबार वडा कार्यालयले राहत प्रदान गरेको छ ।

मंगलबार राती भएको आगलागीले उनको फुसको संरचना भएको दुई वटा घरका साथै भाडाकुडा, लत्ताकपडा, फर्निचर, खाद्यान्न सबै जलेर नष्ट भएको थियो ।

वडा सदस्य सरवरीयाको आगलागीबाट विजोग भएपछि तत्कालिन राहत स्वरुप केही सहयोग प्रदान गरिएको वडा अध्यक्ष शशी चौधरीले बताए ।

उनलाई घर मै पुगी २५ केजी चामल, ५ केजी खाने तेल, ५ किलो दाल, २ केजी नुन, प्रेसर कुकर, झुल, बाल्टीन, साबुन, भाडाकुडा र साडी लगायतका साम्रग्री उपलब्ध गराइएको छ ।

सो अवसरमा नगर प्रहरीका असई शिव नारायण यादव, वडा सदस्य दिपक शर्मा, सोमिता सदा, नेपाल पत्रकार महासंघका केन्द्रीय परिषद सदस्य मनोज कुमार मास्की लगायतका उपस्थिती रहेको थियो ।

# रुखको हांगा भाचेर बिजुलीको तारमा अड्किदा पनि हटाउन छैन कसैको चासो



**दैनिक समाचारदाता**
**राजविराज, ३१ जेठ ।**

राजविराज वडा ३ स्थित राजदेवी सडक खण्डमा एउटा विशाल रुखको हांगा भाचेर बिजुलीको तारमा अड्किएको छ ।

एक साता अघि आएको हावाहुरीले उक्त रुखको हांगा भाचेर बिजुलीको तारमा अड्किएको हो । त्यस्तै सो रुखको जडा कमजोर भई कुनै बेला पनि ढल्ने अवस्थामा पुगेको छ । जसकारण सो सडक खण्डमा दुर्घटनाको जोखिम पनि बढेको छ ।

सडकको उत्तरपट्टी रहेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र परिसर तथा सडक किनारमा आधीआधी जडा रहेको अति पुरानो सो रुख कुनै बेला पनि ढल्ने अवस्थामा रहेको स्थानीयहरुले बताएका छन् ।

सो मार्गबाट दैनिक सयौं सवारीसाधन र पैदलयात्री ओहोरदोहोर गर्छन् । यसबारे भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डिभिजन वन कार्यालय, विद्युत प्राधिकरण, वडा कार्यालय र राजविराज नगरपालिकाको जिम्मेवार अधिकारीलाई स्थानीयले जोखिमबारे जानकारी गराउँदा पनि कुनै चासो देखाएका छैनन् ।

# 'राष्ट्रिय परिचयपत्रको नम्बर अनिवार्य गरिँदा ज्येष्ठ नागरिकले दुःख पाए'

काठमाडौं, ३१ जेठ (रासस) ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले राष्ट्रिय परिचयपत्र एवं पञ्जीकरण विभागले सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएकाले ज्येष्ठ नागरिक र अपाङ्गता भएका नागरिकले दुःख पाएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बिहीबारको बैठकको शून्य समयमा सांसद विद्या भट्टराईले पूर्वतयारी नगरीकन सामाजिक सुरक्षा भत्ताका लागि परिचयपत्र नम्बर अनिवार्य गरिँदा नागरिकले हैरानी पाएकाले यसलाई तत्काल समाधान गर्न आग्रह गर्नुभयो । उहाँले वडास्तरमा निश्चित अवधि तोकेर घुम्ती शिविर सञ्चालन गर्न पनि आग्रह गर्नुभयो ।

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सूचनाको हक सहज गरौं

सम्पूर्ण सरकारी कार्यालय तथा स्थानीय तहका कार्यालयहरुमा एउटा सुचना अधिकारी राख्ने प्रावधान रहेको छ। जसले मातहतका कार्यालयले गर्ने सम्पूर्ण गतिविधीहरु जो सुकेले माग गरे सहजै रुपले प्रदान गर्नु रहेको छ। सूचना भन्ने बित्तिकै लुकाउने नभएर सार्वजनिक गर्ने विषय बस्तु बुझ्नुपर्छ। सूचना भनेको अरुलाई दिएर पारदर्शि गर्नु हो। तर, अहिले सूचना सार्वजनिक गर्नु भन्दा पनि लुकाउनेको होडबाजी बढी चलेको छ। जनतालाई सरोकार राख्ने हरेक विषयलाई पारदर्शि गर्नुपर्दछ। सानो भन्दा सानो कुरालाई जनतासामु सार्वजनिक गरेर लैजानु पर्दछ। कोही पनि सूचना पाउनबाट बञ्चित हुनुहुँदैन्।

कार्यालयहरुमा नियम सम्वत प्रक्रिया पुर्‍याएर निवेदन दिँदा सहजै सूचना पाउनु पर्ने हो। यदी सो अनुसार सूचना प्राप्त नभए राष्ट्रिय सूचना आयोगमा सिधै उजुरी दिने प्रावधान छ। यही प्रावधानलाई आम जनताले टेकेर उजुरी दिने गर्छन्। मातहतका कार्यालयले सूचना नदिने धेरै आश्रय हुन सक्छन्। जस्तै आफुखुशी काम गर्ने उद्देश्य, रकमको प्रलोभन, गलत काम गर्ने नियत पनि हुन सक्छ।

तसर्थ सूचना माग गर्दा दिइने निवेदनको आधारमा सूचना दिनु पर्छ भन्ने मानसिकताको विकास गरे मात्र यसलाई सहज रुपमा लिन सकिन्छ। सूचना दिएमा गरेको काम र गतिविधीबारे पारदर्शि हुन्छ र भुलवस ती कार्यालयले गरेको गल्तिलाई भविष्यमा सच्याउन समेत मद्दत पुग्न सक्छ।

# अझै घट्न सकेन उच्च मातृ मृत्युदर

**डा भोला रिजाल**

काठमाडौं, ३१ जेठ (रासस)।

विश्वमा अति उच्च मातृमृत्युदर भएका मुलुकहरूमध्ये नेपाल पनि एक हो। गर्भावस्थामा, प्रसूति अवस्थामा वा गर्भावस्था अन्त भएको ४२ दिनभित्रमा कुनै पनि कारणले हुने महिलाको मृत्युलाई मातृ मृत्यु भनिन्छ। मातृ मृत्युदर उच्च रहनुको अर्थ देशको स्वास्थ्य अवस्था अझै जटिल अवस्थामा रहेको छ। स्वीट्जरल्याण्ड ०.००१ प्रतिशत रहेको छ भने नेपाल अझै तीन अङ्कको अवस्थामा छ। २०७८ को जनगणनामा मातृ मृत्युदर एक सय ३० अङ्क (प्रतिलाख जीवित जन्ममा)ले घटेर औसत सुधार देखिए पनि ग्रामीण भेगमा अवस्था दर्दनाक छर। २०६८ सालको जनगणनाअनुसार प्रतिलाख जीवित जन्ममा मातृ मृत्युदर दुई सय ८१ जना थियोर। पछिल्लो जनगणनामा यो दर सुधार भएर एक सय ५१ जनामा झरेको छर।

अझै ग्रामीण तथा विपन्न समुदायका महिलाहरूको गर्भवती/सुत्केरी अवस्थामा ज्यान जाने क्रम रोकिएको छैन। एक त गर्भजाँच तथा उपचारका लागि स्वास्थ्य संस्थासम्म सहज पहुँच पुग्न सकिरहेको छैन भने अर्कोतर्फ स्वास्थ्य संस्थाहरूमा भरपर्दो स्वास्थ्य सेवा पाउन सक्ने अवस्था समेत बनिसकेको छैन। जसका कारण ग्रामीण भेगका महिलाको जीवन अझै पनि जोखिमपूर्ण छ। कतिपय घरपरिवारमा स्वास्थ्य सचेतना पुग्न सकिरहेको छैन, कतिपय अवस्थामा भइरहेका हेलचक्र्याइँले पनि गर्भवती/सुत्केरी अवस्थामा स्वास्थ्य सेवा नपाउँदा महिलाहरूको अकालमा ज्यान जाने गरेको छ। मातृ मृत्यु अध्ययन प्रतिवेदन २०७८ ले मातृ मृत्यु निम्तिनुमा स्वास्थ्य संस्थामा पुग्न नै ढिलाइ पनि एउटा कारण देखाएको छ।

औसतमा मातृ मृत्युदर घटेको देखिए पनि तराईका मुसहर, चमार, डोमलगायत दलित, जनजाति र सीमान्तकृत समुदायका गर्भवती, सुत्केरीलाई मात्रै हेर्ने हो भने ती समुदायमा मातृ मृत्यु अझै विकराल छर। मातृ मृत्युदर सहरी क्षेत्रमा घटे पनि ग्रामीण भेगमा उस्तै रहेको छ। साक्षरता दर सुधार हुँदै गए पनि स्वास्थ्य सचेतना समुदाय तहसम्म पुग्न नसक्दा बालविवाह र किशोरावस्थामै आमा बन्ने, बच्चा जन्माउने क्रममा जटिलता आउने, समयमा उपचार नपाउने कारणले मातृ मृत्युदरको जोखिम यथावत छर।

पछिल्लोपटक भएको अध्ययनअनुसार नेपालमा हुने मातृ मृत्युमध्ये सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा भएको देखिएको छ। नेपाल मातृ मृत्यु अध्ययन प्रतिवेदन, २०७८ अनुसार देशका सात प्रदेशमध्ये लुम्बिनी प्रदेशमा मातृ मृत्युदर उच्च रहेको देखिएको हो। अध्ययन प्रतिवेदनअनुसार लुम्बिनीमा प्रति एक लाख जीवित जन्म हुँदा मातृ मृत्यु दुई सय सात रहेको छ। त्यसपछि कर्णाली प्रदेशमा एक सय ७२, गण्डकी प्रदेशमा एक सय ६१, कोशी प्रदेशमा एक सय ५७, मधेस प्रदेशमा एक सय ४०, सुदूरपश्चिम प्रदेशमा एक सय ३० र सबैभन्दा कम बागमती प्रदेशमा ९८ आमाहरूको मृत्यु भएको छ। लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये बाँकेमा ३६, रुपन्देहीमा ३०, कपिलवस्तुमा २८, दाङमा १५, बर्दियामा १४, नवलपरासी पश्चिम र गुल्मीमा सात-सात, रोल्पा र प्युठानमा छ-छ र अर्घाखाँची र पाल्पामा चार-चारजना आमाको मृत्यु भएको यो अध्ययनले देखाएको छ। गर्भावस्थादेखि नै स्वास्थ्य ख्याल नगर्दा मातृ मृत्यु निम्त्याइरहेको छ। प्रत्येक पालिकामा १५ शय्याको अस्पताल भनेको छ, त्यहाँ दक्ष तालिम प्राप्त जनशक्ति छैनन्, जटिल डेलिभरी ह्यान्डल गर्ने र शल्यक्रिया सेवा त पुग्नै सकेको छैन। प्रसूति सेवा दिने स्वास्थ्य संस्थामा २४सै घण्टा विशेषज्ञ सेवा उपलब्ध हुनुपर्छर।

स्वास्थ्य मन्त्रालयले सन् १९९८ मा 'सुरक्षित मातृत्व' रणनीति तयार गरेदेखि नै आमा सुरक्षाको सवालमा ठोस कार्यहरू हुँदै आएको छ। गर्भावस्था, प्रश्रव र सुत्केरी अवस्थामा मृत्यु निम्त्याउन सक्ने जोखिम टार्न राष्ट्रियस्तरमा सुरक्षित मातृत्व कार्यक्रम प्रभावकारी देखिएको छ। मातृ मृत्युदरको अवस्था अन्य देशहरूमा पनि उत्तिकै जटिल रहेको देखिन्छ। संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपीए)ले गत माघमा प्रकाशन गरेको 'मातृ मृत्युदरको प्रवृत्ति' अध्ययनअनुसार विश्वमा प्रत्येक दुई मिनेटमा एक आमाको मृत्यु भइरहेको छ। अर्थात् हरेक दिन झण्डै आठ सयजना आमाले अकालमा ज्यान गुमाइरहेका छन्। सन् २००० देखि २०२० सम्म मातृ मृत्युदरसम्बन्धी विश्वव्यापी उक्त अध्ययनअनुसार सन् २०२० मा मात्रै विश्वभर करिब दुई लाख ८७ हजार मातृ मृत्यु भएको उल्लेख छ।

**गर्भपतनले ल्याएर सुधार**

मातृ मृत्यु अति उच्च हुनका कारणहरूमध्ये असुरक्षित गर्भपतन एउटा प्रमुख कारणको रूपमा रहेको छ। विभिन्न अध्ययन, अनुसन्धानहरूले पनि गर्भपतन र मातृ मृत्युदरबीच घनिष्ठ सम्बन्ध रहेको देखाएका छन् । अस्पतालमा आधारित एक अध्ययनबाट अस्पतालमा हुने कुल मृत्युमध्ये आधाभन्दा बढी मातृ मृत्यु गर्भपतनका कारणले हुने गरेको छ। त्यसैले देशमा विद्यमान मातृ मृत्युदरको उच्च अवस्थालाई न्यून गर्न एउटा उपाय भनेको सुरक्षित र कानुनी गर्भपतनको सुविधा दिनुपर्छ भनेर मैले १९८२ मै अभियान सुरु गरेको थिएँ। त्यतिबेला मेरो कुरालाई धेरैले राम्रो मानेका थिएनन्। मैले देशका विभिन्न ग्रामीण बस्तीहरूमा असुरक्षित ढङ्गबाट गर्भपतन गराइएका र त्यसले मातृ मृत्युदरलाई बढाएको हुँदा गर्भपतनलाई कानुनी मान्यता दिनुपर्छ भनेको थिएँ। सुरक्षित गर्भपतले मातृ मृत्युदरलाई कम गर्न सकिन्छ भन्ने मेरो ठम्याइ थियो। यसलाई ५० प्रतिशतमात्रै घटाउन सकियो भने पनि ठूलो उपलब्धि हुन सक्दछ भनेर मैले लगातार सुरक्षित गर्भपतनको कानुनी मान्यताको वकालत गर्दै रहेँ।

जे होस् १३ वर्षपछि सन् २००२ मा मुलुकी ऐनको एघारौँ संशोधन गरी सरकारले कानुन ल्यायो। गर्भावस्था समाप्त गर्नका लागि सुरक्षित विकल्पहरू भएका महिलाहरू, जसले असुरक्षित गर्भपतनसँग सम्बन्धित अनुचित मृत्युको सङ्ख्या घटाएको छ तर अहिले २८ हप्ताको पनि गर्भपतन गर्न सकिने गरी कानुन संशोधन गरिएको छ, त्यो आमाको स्वास्थ्यको लागि मात्र नभएर शिशुको जन्मन पाउने अधिकारको पनि ठाडो उल्लङ्घन हो। किनकि २६ हप्ताकै गर्भलाई सकुशल जन्माउन सकिन्छ।

**मातृ मृत्युदर घटाउने उपाय**

सरकारको मातृ सुरक्षा योजना प्रशंसनीय छ। त्यतिले मात्र पुग्दैन। मातृ मृत्युदर घटाउन स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ। पढेका मानिस बाहिर जाने क्रमले जनशक्ति अभाव भएको छ। कुनै पनि सरकारी अस्पतालमा शल्यक्रियाका लागि छ महिनाभन्दा बढी समय कुर्नुपर्ने अवस्था छ। त्यसैले मातृ मृत्युका बृहत् निर्धारकलाई उचित सम्बोधन गर्नेगरी रणनीति तथा कार्यक्रम निर्माण गर्नुपर्ने, राष्ट्रिय महिला उत्थान कार्यक्रमअन्तर्गत हवाई एम्बुलेन्स कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनुपर्ने, दक्ष जनशक्तिको उचित र शीघ्र व्यवस्थापन गरिनुपर्ने, सेवाको गुणस्तरमा थप पहल गरिनुपर्ने, विकासका सबै पहलमा स्वास्थ्यलाई केन्द्रविन्दुमा राखिनुपर्ने देखिन्छ।

सरकारले दिगो विकास लक्ष्यअन्तर्गत सन् २०३० सम्म मातृ मृत्युदर ७० जना प्रतिलाखमा झार्ने लक्ष्य राखेको छ। स्वास्थ्य क्षेत्रमा पाँच प्रतिशतभन्दा कम बजेट विनियोजन गरिएबाट यो लक्ष्य हासिल गर्न सम्भव छैन। समाज स्वस्थ्य नभएसम्म स्वास्थ्य बच्चा जन्माए उचित शिक्षाको बन्दोवस्त गर्न सकिँदैन। देशका विकट ठाउँहरूमा सुलभ र गुणस्तरीय स्वास्थ्य संस्था स्थापनासँगै गर्भावस्थाको पहिचानदेखि आमार बच्चाको अवस्था थाहा पाउने जनशक्ति र उपकरणको व्यवस्था हुनु पर्दछ। त्यस्ता स्वास्थ्य संस्थामा भिडियो एक्सरे, ल्याबको व्यवस्था भएमा शिशु र आमाको स्वास्थ्य अवस्था

*बाँकी तीन पृष्ठमा*


## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल विबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी**



**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘तातो हावाको लहर (लू) प्रतिकार्यमा जुटौं’

काठमाडौँ ३१ जेठ (रासस)।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी)को आर्थिक एवं प्राविधिक सहयोगमा नेपाल रेडक्रस सोसाइटीले बाँकेको नेपालगञ्ज, रुपन्देहीको सिद्धार्थनगर, कैलालीको धनगढी र मोरङको विराटनगरमा तातो हावाको लहर (लू) प्रतिकार्य कार्यक्रमका गतिविधिहरू सञ्चालन गरिरहेको छ। कार्यक्रमअन्तर्गत समुदायका लूबाट बच्ने उपाय र सार्वजनिक स्थानमा खानेपानी वितरण गरिरहेको छ।

गर्मी याममा असामान्य रूपमा अत्यधिक तापक्रम बढी तातो हावा चलेको अवस्थालाई तातो हावाको लहर वा ‘लू’ भनिन्छ। बढी गर्मीका कारण थकान र कमजोरी महसुस हुने, चक्कर लाग्ने, बेस्सरी टाउको दुख्ने, वाकवाकी लाग्ने, हातगोडा बाउँडिने, हातगोडा वा अनुहार सुन्निने र बेहोस हुने, मुटुको धड्कन बढ्न सक्ने जनाइएको छ। साथै छाला सुक्खा र रातो हुने, पिसाबको रङ पहेँलो हुने, श्वास फेर्न गाह्रो हुने र रक्तचाप कम हुने, एक सय चार डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आई बिरामी बेहोस हुने वा कोमाको लक्षण देखिन सक्छ।

सीमान्तकृत समुदाय लक्षित गरी लू सम्बन्धी जनचेतनाका गतिविधिहरू सञ्चालन भइरहेको यहाँस्थित आइएफआरसीले जनाएको छ। ‘हिट एक्सन डे’अर्थात् तातो हावा लू दिवस अवसरमा बुधबार आयोजित कार्यक्रममा आइएफआरसीका प्रमुख अजमद उल्लाले तातो हावा लूबाट प्रभावित नेपालको मधेस तराईका जिल्लामा नेपाल रेडक्रस सोसाइटी र आइएफआरसीका साझेदार राष्ट्रिय सोसाइटीहरूको सहकार्यमा प्रतिकार्य र न्यूनीकरणका गतिविधि सञ्चालन भइरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “लू प्रतिकार्य र न्यूनीकरणका लागि यहाँका परम्परागत ज्ञान र सीपलाई उपयोगमा ल्याउँदै थप अनुसन्धान गर्नुपर्छ। यसबाट पर्ने जोखिमलाई घटाउँदै जानुपर्छ। यसका लागि समुदायलाई नै सक्षम बनाउनुपर्दछ। ”

सो कार्यक्रममा अमेरिकी अन्तर्राष्ट्रिय सहयोग नियोग (युएसआइडी)का इन्भाइरोमेन्ट एण्ड रिजिलियन्स कार्यालयका कार्यवाहक उपनिर्देशक डेभिड आरम्यानले लूबाट जोगिने उपायका बारेमा समुदायलाई पूर्वसचेत जगाउन आवश्यक रहेकामा जोड दिँदै जलवायु परिवर्तनका कारण तापक्रम बढ्ने क्रम जारी रहेको बताउनुभयो। उहाँले भन्नुभयो, “विश्वव्यापी समस्याका रुपमा रहेको तातो हावा लूको प्रतिकार्यका लागि सम्बन्धित सबै पक्षको सहकार्य र समन्वय आवश्यक छ।” नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालले हिट एक्सनका क्षेत्रमा सरकारको सहयोगीको रूपमा नेपाल रेडक्रसले स्थानीय निकायहरूसँग समन्वय गरी प्रतिकार्यका विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको बताउनुभयो।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले तातो हावाबाट पर्ने प्रभाव र लेखाजोखा अझ गम्भीर रूपमा हुनुपर्नेमा जोड दिँदै तातो हावासँग सम्बन्धित सूचना, शिक्षा र सञ्चार सामग्री विभिन्न स्थानीय भाषामा तयार गरी प्रकाशन, प्रसारण गर्नुपर्छ भन्नुभयो। उहाँले भन्नुभयो, “यसका लागि सामाजिक सञ्जाल र एफएम रेडियो अझ प्रभावकारी र उपयोगी देखिएको छ। ”सो कार्यक्रममा युवा रेडक्रस सर्कलका स्वयंसेवकहरूले तातो हावाबाट बच्ने उपाय र अपनाउनुपर्ने सावधानीका विषयमा सन्देशमूलक नाटक प्रस्तुत गरेका थिए। कार्यक्रममा आइएफआरसीका साझेदार राष्ट्रिय सोसाइटी अमेरिकन, डेनिस, क्यानेडियन, ब्रिटिस रेडक्रसका प्रतिनिधि, युएसआइडी तथा बेलायती अन्तर्राष्ट्रिय सहयोग नियोग, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका उच्च प्रतिनिधिको सहभागिता रहेको थियो।

***अझै घट्न …***

जानकारी हुन्छ र समयमै सुरक्षित ढङ्गबाट बच्चा जन्माउन सकिन्छ।

सुत्केरी अवधिमा हुने मृत्युलाई मात्रै मातृ मृत्युका रूपमा हेरिएको हुँदा सुत्केरी अगावै वा भइसकेपछिको स्वास्थ्य स्थितिमा ध्यान नदिने परिपाटीको अन्त्य हुनु जरुरी छ। गर्भवतीमा जटिलता देखिए स्वास्थ्य संस्था गइहाल्ने, समयमै स्वास्थ्य संस्थामा गएर प्रसूति हुने, खानपान र आराममा ध्यान दिने हो भने मातृ मृत्यु घटाउन सहज हुने देखिन्छ। मातृ मृत्यु घटाउन स्थानीय तह र स्वास्थ्य संस्थाको भूमिका महत्तवपूर्ण रहन्छ। उचित समयमा रेफर नहुँदा गर्भवती आमाको मृत्यु हुने, शिशुको मृत्यु हुने, अस्वस्थ शिशुको जन्म हुने समस्या देखिएको छ। प्रसूति समयमा घरबाट स्वास्थ्य संस्था लैजाँदा एम्बुलेन्स खोज्दा, एउटा स्वास्थ्य संस्थाबाट अर्कोमा लग्ने क्रममा ढिलाइ हुँदा आमा र शिशुको मृत्यु हुने घटना देखिएकाले स्थानीयस्तरमै गर्भवतीलाई परीक्षण र प्रसूति हुन स्वास्थ्य संस्था लैजान चेतना प्रवाह गर्ने, शून्य होम डेलीभरी कार्यक्रम सञ्चालन गर्न सक्दछन्। *(वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा रिजालसँग राससले गरेको कुराकानीमा आधारित)*


राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८०/०८१
च.न. १८४६

मिती :– २०८१।०२।३१

विषय: - सुचना सूचैमा सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी गा.वि.स. बनैनिया वार्ड नं.१राजबिराज नगरपालिका वाड नं. १ बस्ने **माण्डवी सिंहले** तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८१।०२।३१गते मा द.न.१६५६ को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५.दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

तमसिल

जिल्ला सप्तरी गा.बि.स. बनैनिया वार्ड नं.१ हाल रा.बि.न.पा. १ बस्ने भरत प्रसाद सिंह नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
| --- | --- | --- | --- | --- |
| सप्तरी | चनौरा पडरीया | ६ | ५०६ | ०–१–८ |

खेलानन्द यादव
नि.वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं. १



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिकाको कार्यालय, सप्तरी**


# विश्व समाचार

## कुवेतको आगलागीमा करिब ४० भारतीयको मृत्यु

नयाँदिल्ली, ३१ जेठ (रासस/एएनआई)।

कुवेतको मङ्गाफ क्षेत्रमा रहेको श्रम आवास केन्द्रमा बुधबार आगलागी हुँदा करिब ४० जना भारतीयको मृत्यु हुनुका साथै ५० जनाभन्दा बढी घाइते भएको भारतीय विदेश मन्त्रालयले जनाएको छ। घाइते भएका व्यक्तिहरूलाई कुवेतका पाँचवटा सरकारी अस्पताल अदान, जाबेर, फरवानिया, मुबारक अल कबीर र जाहरा अस्पतालमा उपचारका लागि राखिएको छ। अस्पतालका अधिकारीहरूले अधिकांश घाइतेहरूको अवस्था सामान्य रहेको जनाएको छ।

“दूतावासले सम्बन्धित कुवेती अधिकारी र कम्पनीबाट घटनाको पूर्ण विवरणहरू प्राप्त गरिरहेको छौं। हामी शोकाकुल परिवारहरूप्रति गहिरो समवेदना प्रकट गर्दछौं,” विदेश मन्त्रालयले बुधबार राति जारी गरेको विज्ञप्तिमा भनिएको छ। “दूतावासले यस दुर्भाग्यपूर्ण घटनामा घाइते भएका भारतीय नागरिकहरूलाई सबै सम्भव सहयोग प्रदान गर्न स्थानीय अधिकारीहरूसँग समन्वय जारी राखेको छ,” दूतावासले कुवेतका अधिकारीबाट पूर्ण सहयोग प्राप्त गरिरहेको उल्लेख गर्दै विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

“प्रधानमन्त्री नरेन्द्र मोदीको निर्देशनमा, राज्यमन्त्री कीर्तिवर्धन सिंह हाल कुवेतको यात्रामा हुनुहुन्छ। उहाँले तुरुन्तै शव फिर्ता र घाइतेलाई चिकित्सा सहायताको लागि काम गरिरहनु भएको छ,” विज्ञप्तिमा भनिएको छ। यसैबीच, कुवेतमा रहेको भारतीय दूतावासले घटनामा प्रभावितलाई राहत प्रदान गर्न स्थानीय अधिकारीसँग सम्पर्कमा रहेको छ।

दूतावासले पीडित परिवारका सदस्यहरूलाई सम्पर्क गर्न हेल्पलाइन (व्हाट्सएप र नियमित कल) स्थापना गरेको छ। हेल्पलाइनमार्फत नियमित अपडेट प्रदान गरिँदैछ।

यसअघि कुवेतमा आगलागीको खबर आएपछि प्रधानमन्त्री मोदीले समीक्षा बैठकको अध्यक्षता गर्दै मृतक भारतीय नागरिकका परिवारलाई प्रधानमन्त्री राहत कोषबाट दुई लाख रुपैयाँ सहयोग गर्ने घोषणा गर्नुभएको थियो। प्रधानमन्त्री मोदीले यस दुर्भाग्यपूर्ण घटनामा गहिरो दुःख व्यक्त गर्दै मृतकको परिवारप्रति समवेदना प्रकट गर्नुभएको छ। उहाँले घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै भारत सरकारबाट सबै सम्भव सहयोगको आश्वासन दिनुभएको छ।

## इमरान खान, कुरेसीलगायत पिटिआई नेता आजादी मार्च मुद्दामा निर्दोष ठहर

इस्लामाबाद (पाकिस्तान), ३१ जेठ (रासस/एएनआई)।

इस्लामाबादको एक पुनरावेदन अदालतले बिहीबार पाकिस्तान तेहरीक-ए-इन्साफ (पिटिआई) का संस्थापक इमरान खान र पार्टीका वरिष्ठ नेता शाह महमूद कुरेसीलाई स्वतन्त्रताका लागि प्रदर्शन (आजादी मार्च) मुद्दामा निर्दोष ठहर गरेको पाकिस्तानी एआरवाई न्यूजले जनाएको छ। न्यायाधिकारी मलिक मुहम्मद इमरानले पूर्वप्रधानमन्त्री खान, शाह, कुरेशी र अवामी मुस्लिम लिग (एएमएल) का प्रमुख शेख रशीद निर्दोष ठहरिएको जानकारी गराउनुभयो।

अदालतले सदाकत अब्बासी र अली नवाज अवानलाई आजादी मार्चको मुद्दाबाट मुक्त गर्न पनि आदेश दिएको छ। पाकिस्तानका पूर्वप्रधानमन्त्री खान, शाह कुरेशी र अन्यसहित पिटिआईका धेरै नेतालाई प्रहरीले आजादी मार्चसँग सम्बन्धित विभिन्न प्रारम्भिक घटनामा मुद्दा दर्ता गरेको एआरवाई न्यूजले जनाएको छ।

एआरवाई न्यूजको रिपोर्ट अनुसार प्रहरी र पिटिआई नेताबिच झडप भएपछि हिंसा फैलाउन खोजेको आरोपमा प्रहरीले वरिष्ठ नेता र कार्यकर्ताविरुद्ध ४२ वटा मुद्दा दर्ता गरेको थियो। सन् २०२२ मे २५ मा स्वतन्त्रता (हकीकी आजादी) का लागि इमरान खानको पदयात्रा मार्च अघि अधिकारीले धारा-१४४ लागू गरी भेला रोक्ने उपाय गरेको पाकिस्तानी अङ्ग्रेजी पत्रिका डनले जनाएको छ। आन्दोलनकारीले पदयात्रा अवरुद्ध गर्न प्रमुख मार्गहरूमा ढुवानी कन्टेनरहरू राखेको अधिकारीले बताएका छन्।

प्रहरीले प्रदर्शनकारीलाई तितरबितर पार्ने प्रयास गर्दा अश्रु ग्याँसको सामना गर्नु परेको र उनीहरूमाथि लाठीचार्ज भएको डनले जनाएको थियो। यस महिनाको सुरुमा इस्लामाबाद उच्च अदालतले इमरान खान र कुरेसीलाई गोप्य कागजात सार्वजनिक गरेको आरोप लगाइएको मुद्दामा निर्दोष ठहर गरेको थियो।

## विश्वभरि विस्थापितको संख्या १२ करोड : राष्ट्रसंघ

जेनेभा, ३१ जेठ (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घले युद्ध, हिंसा र उत्पीडनका कारण १२ करोड मानिस जबर्जस्ती विस्थापित भएर बाँचिरहेका जनाएको छ। संयुक्त राष्ट्रसङ्घको शरणार्थी निकाय यूएनएचसीआरले विश्वव्यापी रूपमा जबर्जस्ती विस्थापनले फेरि एकपटक रेकर्ड तोडेको र गाजा, सुडान र म्यान्माजस्ता स्थानमा जारी द्वन्द्वका कारण अझ धेरै मानिस आफ्नो घर छोड्न बाध्य भएका उल्लेख गरेको छ।

विश्वव्यापी रूपमा विस्थापित जनसङ्ख्या अहिले जापानको कूल जनसङ्ख्या बराबर रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ। द्वन्द्व र विस्थापितको भयावह स्थितिबारे संयुक्त राष्ट्रसङ्घका शरणार्थी प्रमुख फिलिप्पो ग्रान्डीले भन्नुभयो, “द्वन्द्व सामूहिक विस्थापनको एउटा ठूलो कारक बनेको छ।”

युएनएचसीआरले गत वर्षको अन्त्यसम्ममा ११ करोड ७३ लाख मानिस विस्थापित भएको जनाएको छ। अप्रिलको अन्त्यसम्ममा विश्वभर अनुमानित १२ करोड व्यक्ति विस्थापनमा बाँचिरहेका थिए। युएनएचसीआरका अनुसार यो सङ्ख्या लगातार १२ वर्षदेखि बढ्दै गएको छ र एक वर्ष पहिले ११ करोड रहेको र सन् २०१२ को तुलनामा लगभग तीन गुणा बढी हो।

ग्रान्डीले एएफपीसँग कुरा गर्दै आठ वर्षअघि आफूले कार्यभार सम्हाल्दा विस्थापनको उच्च आँकडा देखेर आफू स्तब्ध भएको तर त्यसयता यो ‘दोब्बरभन्दा बढी’ भएको बताउँदै उहाँले यसलाई ‘विश्वको अवस्थामाथिको भयानक समस्या’ भन्नुभएको छ।

# लागुऔषध न्युनिकरण सम्बन्धि जनचेतनामूलक तालिम सुरु



**दैनिक समाचारदाता**
**राजविराज, ३१ जेठ ।**

सामुदायिक विद्यालयहरुमा लागुऔषध न्युनिकरण सम्बन्धि जनचेतना दिने उद्देश्यले बुधबारदेखी पाँच दिने तालिम शुरु भएको छ ।

सप्तरीको शम्भुनाथ नगरपालिकाको सहयोगमा फेडरल इन्स्टिच्युट अफ पोलिसी स्टडिजको समन्वयमा पालिकाको पाँच मावि तथा उच्चमाविमा सो तालिमको आयोजना गरिएको हो ।

नगरपालिकाकी कार्यवाहक नगरप्रमुख अनिता चौधरीले श्री माध्यमिक विद्यालय खोक्सर प्रवाहामा तालिमको उद्घाटन गर्दै विद्यालयका बालबालिकाहरुलाई लागुऔषध जस्तो कूलतमा नलाग्न जनचेतना दिने उद्देश्यले विद्यालय स्तरमा तालिमको व्यवस्ता गरिएको बताईन् । उनले समाजमा लागुऔषध सेवन गर्नेको अवस्था भयावह हुँदै गएको प्रति चिन्ता व्यक्त गर्दै बालबालिकालाई यसप्रति सचेत हुन नगरपालिकाले आगामी दिनमा पनि यस्ता कार्यक्रम गरिने प्रतिबद्धता व्यक्त गरिन् ।

तालिमको पहिलो दिन वडा नं. १ स्थित मावि खोक्सर प्रवाहका एक सय जना विद्यार्थीहरुलाई तालिम प्रदान गरिएको छ ।

कार्यक्रम संयोजक निरज मंडलको अध्यक्षतामा आयोजित तालिम उद्घाटन सत्रमा वडा अध्यक्ष जिवछ साह, प्रधानाध्यापक रिता चौधरी, नगरपालिकाका योजना प्रमुख देवनारायण साह, व्यवस्थापन समितिका जेष्ठ सदस्य कुन्दी यादव, विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

# छात्रवृत्तिको रकमबाट विद्यार्थीलाई पोशाक बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ३१ जेठ ।**

विद्यालयमा प्रदान गरिने दलित छात्रबृत्ति र छात्रवृत्ति अन्तरगत सप्तरीको शम्भुनाथ नगरपालिका १ खोक्सर प्रवहास्थित मावि खोक्सरमा विद्यार्थीहरुलाई पोशाक बितरण गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य कुन्दी यादवको अध्यक्षतामा आयोजित पोशाक बितरण कार्यक्रममा ३ सय २ विद्यार्थीहरुलाई पोशाक वितरण गरिएको हो ।

विद्यालयका प्रधानाध्यापक रिता कुमारी चौधरीका अनुसार विद्यार्थीहरुलाई प्रत्येक वर्ष बितरण गरिने विभिन्न छात्रवृत्तिको रकमलाई यस पटक पोशाक खरीद गरि बितरण गरिएको हो । उनले भनिन्, “रकम प्रदान गर्दा अभिभावकहरुले रकम अन्य शिर्षकमा खर्च गर्ने गरेको पाइएको छ, यसपटक सो रकमबाट विद्यालयले पोशाक बितरण गरेपछि अब विद्यार्थीहरु विद्यालय आउँदा एकै प्रकारको पोशाक लगाएर आउँने छन् ।”

शम्भुनाथ नगरपालिकाकी कार्यवाहक नगरप्रमुख अनिता चौधरीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा वडा नं. १ अध्यक्ष जिवछ साह, नगरपालिकाका योजना प्रमुख देवनारायण साह, व्यवस्थापन समितिका सदस्य रामचन्द्र साह, शिक्षक मनोज यादवलगायत अभिभावकहरुको उपस्थिति रहेको थियो ।



अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



अनुरोधकर्ता
हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*